कटारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : १३ मिति : मिति २०८२/०३/२२

भाग — २

कटारी नगरपालिका

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७३

## बेलसोत सर्पदंश उपचार केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/२९

<u>प्रस्तावना</u>: नेपालको संविधान २०७२ मा सबै नागरिकले सर्वशुलभ स्वास्थ्य सेवा प्राप्त गर्ने कुराको सुनिश्चितता गरी नागारिकको आधारभुत अधिकारको रुपमा प्रत्याभुत गरेको छ । भुगोलका हिसावले गर्मी याममा कटारी नगरपालिका र छिमेकी दुधौली नगरपालिकाका जनतालाई सेवा दिन बेलसोत सर्पदंश उपचार केन्द्र स्थापना भएको छ । विशेष गरेर शहरी क्षेत्रभन्दा ग्रामिण क्षेत्रमा सर्पदंशबाट पिडित नागरिकहरुको बसोवास अत्याधिक रहेको छ तर व्यवस्थित बाटोघाटो सवारी साधनको उपलब्धता ग्रामिण क्षेत्रमा नभएको हुँदा समयमै बिरामीलाई उपचार हुने ठाँउ सम्म पुर्याउन नसकी मृत्युवरण गर्नु परेको विगतको ईतिहास छ । यसै विषयलाई हृदयङ्गम गरी कटारी नगरपालिकाको बेलसोत स्थित जग्गामा उपचार केन्द्र स्थापना गरी आम जनतालाई उपचार सेवा दिने । यसरी सर्पदंशबाट पीडित आम जनतालाई छिटो छरितो, भरपर्दो सेवा पुर्याउन वाञ्छनीय देखिएकोले कटारी नगरपालिकाको प्रशासकीय कार्यविधिले दिएको अधिकार प्रयोग गरी कटारी नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

### परिच्छेद - १

१) <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः १) यो कार्यविधिको नाम "बेलसोत सर्पदंश उपचार केन्द्र" संचालन तथा व्यवस्थापन कार्यविधि २०८१ रहेको छ ।

२) यो कार्यविधि कटारी नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२) <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "पिडित" भन्नाले सर्पदंशवाट पिडित व्यक्ति भन्ने सम्झनु पर्दछ ।

ख) "प्राविधिक" भन्नाले उपचारमा संलग्न प्राविधिक भन्ने सम्झनु पर्दछ ।

ग) "समिति" भन्नाले सर्पदंश उपचार केन्द्रको व्यवस्थापन सबै सम्पूर्ण सदस्य साधारण सभाबाट चयन गरेको समितिलाई बुझाउछ ।

घ) निर्देशक समिति" भन्नाले सर्पदंश उपचार केन्द्रको संचालन तथा व्यवस्थापन गर्नको लागि आवश्यक पर्ने बजेट व्यवस्थापन, नीति नियम तथा निर्देशन दिनको लागि गठन भएको समिति भन्ने सम्झनु पर्दछ ।

ङ) "उपचार केन्द्रको संरचना" भन्नाले मिचैंया — कटारी राजमार्गको पूर्व तर्फ रहेको बेलसोत व्यारेकको हाता भित्र निर्माण भई संचालनमा रहेको भवन भन्ने सम्झनु पर्दछ ।

कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल

च) "कोष" भन्नाले कटारी नगरपालिका तथा सरकारी तथा गैर सरकारी संघ संस्था र व्यक्तिबाट प्राप्त दानदाताका सहयोगबाट प्राप्त रकम सञ्चय गरि राखेको बैंक खातामा रहेको रकम भनी सम्झनु पर्दछ ।

छ) "जिन्सी" भन्नाले सर्पदंश उपचार केन्द्र रहेको जिन्सी सामग्री सम्झनु पर्दछ ।

ज) "कार्य समिति" भन्नाले यस सर्पदंश उपचार केन्द्रलाई दैनिक रूपमा व्यवस्थित संचालन तथा व्यवस्थापन गर्न बनाइएको समिति भन्ने सम्झनु पर्दछ ।

झ) "सल्लाहकार समिति" भन्नाले यस सर्पदंश उपचार केन्द्रलाई व्यवस्थापन गर्न बनाइएको निर्देशक समितिलाई सल्लाह सुझाव दिन यस कार्यविधि बमोजिम गठित सल्लाहकार समितिलाई सम्झनु पर्दछ ।

ञ) "आर्थिक उपसमिति" भन्नाले व्यवस्थापन समितिले आवश्यकता अनुसार निर्देशक समितिको स्वीकृतिमा गठन हुने उपसमिति सम्झनु पर्दछ ।

ट) "बैंक खाता" भन्नाले विभिन्न स्रोतबाट आएको आर्थिक सहयोगलाई जम्मा गरी राख्न यस उपचार केन्द्रको नाममा खोलिएको बैंक खातालाई सम्झनु पर्दछ ।

## परिच्छेद – २

३. <u>निर्देशक समितिको गठन</u> : कटारी सर्पदंश उपचार केन्द्र संचालन तथा व्यवस्थापन गर्नको लागि नीति, नियम, निर्देशन तथा आर्थिक व्यवस्थापनको लागि तपसिल बमोजिमको निर्देशक समिति रहने छ ।

संयोजक : नगर प्रमुख कटारी नगरपालिका

सदस्य : नगर उप-प्रमुख

सदस्यः कटारी नगरपालिकामा रहेको नेपाली सेनाको प्रमुख

सदस्यः सामाजिक विकास समिति संयोजक

सदस्य : कटारी नगरपालिकाका वडाध्यक्षहरु मध्येबाट संयोजकले मनोनित गरेका २ (दुई) जना सदस्य

सदस्य- सचिव : प्रमुख प्रशासकीय अधिकृत, कटारी नगरपालिका

४. <u>निर्देशक समितिको काम कर्तव्य र अधिकार</u> : बेलसोत सर्पदंश उपचार केन्द्र संचालन तथा व्यवस्थापन निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) सर्पदंश उपचार केन्द्रको संगठन संरचना निर्माण तथा व्यवस्थापनको स्वीकृति दिने ।

ख) अन्य स्थानीय तहहरुसँग समन्वय, सहकार्य गरी सेवाको पहुँच बढाउने ।

ग) सर्पदंश उपचार केन्द्र संचालन तथा व्यवस्थापनको लागि बजेटको व्यवस्था मिलाउने ।

कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल

**५. समितिको बैठक :**

क) बैठक सञ्चालनको लागि कम्तिमा बहुमत सदस्यको उपस्थितिबाट निर्णयहरु हुनेछ ।

ख) समितिको बैठक आवश्यकता अनुसार जुनसुकै बेला पनि बस्न सक्नेछ ।

ग) महत्वपूर्ण निर्णयहरु गर्नुपर्दा सल्लाहकार समितिलाई अनिवार्य आमन्त्रण गर्नुपर्नेछ ।

घ) सामान्यतया वर्षको २ पटक बैठक बस्ने छ ।

६. **कार्य अवधि :** यस बेलसोत सर्पदंस उपचार केन्द्र संचालन तथा व्यवस्थापन निर्देशक समितिको कार्य अवधि ५ वर्षको हुनेछ ।

७. **संरक्षक :** उदयपुर जिल्लाका प्रतिनिधि सभा तथा प्रदेश सभाका माननीय सदस्य संरक्षक रहनेछन् ।

८. **सल्लाहकार समिति** : सर्पदंश उपचार केन्द्र संचालन एंव व्यवस्थापन निर्देशन समितिलाई सल्लाह दिनको लागि निम्न बमोजिम ५ सदस्यीय सल्लाहकार समिति रहनेछ ।

१) उदयपुर जिल्लाको समन्वय प्रमुख

२) उदयपुर जिल्लाको प्रमुख जिल्ला अधिकारी

३) नेपाली सेना गण, गाईघाट प्रमुख

४) निर्देशक समितिले मनोनयन गरेका समाजसेवीबाट थप २ जना

**९. सर्पदंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको गठन** : बेलसोत सर्पदंश उपचार केन्द्र संचालन एंव व्यवस्थापन गर्न कटारी नगरपालिकाका सदस्यीय व्यवस्थापन समिति गठन हुनेछ ।

| | |
|---|---|
| १) नगर प्रमुख कटारी नगरपालिका | अध्यक्ष |
| २) नगर उप-प्रमुख कटारी नगरपालिका | उपाध्यक्ष |
| ३) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |
| ४) स्वास्थ्य शाखा प्रमुख | कोषाध्यक्ष |
| ५) रेडक्रस त्रिवेणी उपशाखा सभापति | सदस्य |
| ६) नेपाली सेनाको प्रतिनिधि | सदस्य |
| ७) प्रमुख/प्रतिनिधि, ईलाका प्रशासन कार्यालय, कटारी | सदस्य |
| ८) मेडिकल सुपरीटेण्डेण्ड/प्रतिनिधि कटारी अस्पताल | सदस्य |
| ९) प्रमुख/प्रतिनिधि, ईलाका प्रहरी कार्यालय, कटारी | सदस्य |
| १०) सर्पदंश उपचार केन्द्र भएको वडाको वडा अध्यक्ष | सदस्य |
| ११) नगर प्रमुखले तोकेका शर्पदंश उपचारमा संलग्न व्यक्तिहरु मध्येबाट दुई जना | सदस्य |
| १०) कटारी नगरपालिका स्तरीय महिला स्वास्थ्य स्वयंसेविका प्रतिनिधि | सदस्य |

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल

१०. **व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार :** कटारी सर्पदंश उपचार केन्द्र संचालन एंव व्यवस्थापन समिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) **अध्यक्षको काम, कर्तव्य र अधिकार :**

- सर्पदंश उपचार केन्द्रलाई दिगो रुपमा व्यवस्थापन गर्न कार्ययोजना बनाउने।
- सञ्चालन गर्न आवश्यक पर्ने स्रोत साधन र औषधीको व्यवस्थापन गर्ने ।
- प्रत्येक महिनाको १ पटक बैठक बस्ने र उपचार केन्द्रलाई सञ्चालन गर्न आवश्यक पर्ने निणयहरु गर्ने ।
- कार्यविधिमा उल्लेख भएका बुँदाहरुको कार्यन्वय्रनका लागि पहल गर्ने ।
- सर्पदंश उपचार केन्द्रको कोषको व्यस्थापन गर्ने ।
- नियमित उठ्ने रकम र दान दातृत्व अनुदानबाट प्राप्त रकमको सुरक्षा र व्यवस्थापन गर्ने ।
- आवश्यकता अनुसार विभिन्न उपसमितिहरू गठन गर्न व्यवस्थापन समितिले सिफारिस गर्ने ।

ख) **उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

- अध्यक्ष अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।
- सर्पदंश उपचार केन्द्रको दिगो व्यवस्थापनका लागि अध्यक्षको काममा सहयोग पुर्याउने र तोकिएको काम गर्ने ।

ग) **सचिवको काम, कर्तव्य अधिकार :**

- अध्यक्षको सल्लाह बमोजिम बैठक बोलाउने ।
- सञ्चालन तथा व्यवस्थापनमा आएका विषयलाई विभिन्न निकायसँग पत्राचार गर्ने प्रतिवेदन बनाई बैठकमा पेश गर्ने ।
- समिति व्यवस्थापनको लागि अन्य कार्य चौमासिक भौतिक प्रगती तयार गर्ने तथा सम्बन्धि ठाँउमा पेश गर्ने ।
- केन्द्र सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य संघसंस्था वा अन्य दातृ निकायबाट प्राप्त हुने एम्बुलेन्स जस्ता जिन्सी सामान/साधनहरू कार्यविधि बनाई सञ्चालन गर्नु पर्नेछ ।
- सर्पदंश उपचार केन्द्र तथा त्यहा कार्यरत कर्मचारीको क्षमता विकासको लागि दातृ निकायसँग समन्वय गर्ने ।
- केन्द्रमा काम गर्ने कर्मचारीहरूको आवश्यकता अनुसार पदपूर्ति तथा सेवा सुविधा उपलब्ध गराउन व्यवस्थापन समितिले कार्यविधि बनाई निर्देशक समितिबाट स्वीकृत गराई लागु गर्नेछ ।

घ) कोषाध्यक्षको काम, कर्तव्य अधिकार :

- सर्पदंश उपचार केन्द्रको कोषको व्यवस्थापन गर्ने ।
- सर्पदंश उपचार केन्द्रमा आई पर्ने खर्च तथा प्राप्त हुने आम्दानिको हिसाब किताब राखे ।
- सम्बन्धित निकायबाट आम्दानी खर्चको हिसाब किताब माग हुन आएमा उपलब्ध गराउने ।
- चौमासिक / अर्ध वार्षिक तथा वार्षिक आय व्यय विवरण सार्वजनिक गर्ने तथा बैठकमा पेश गर्ने ।
- लेखा परीक्षण गराउने व्यवस्था मिलाउने ।
- सुशासन र मितव्ययिता अवलम्बनको लागि कार्यविधि/मापदण्ड निर्माण गरी सिफारिस गर्ने ।

ङ) सदस्यहरुको काम, कर्तव्य अधिकार :

- सर्पदंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको बैठकमा सहभागी भई छलफलमा भाग लिने ।
- सर्पदंश उपचार केन्द्रलाई दिगो र स्वच्छ रुपमा संचालन गर्न आवश्यक सहयोग गर्ने ।
- नगरपालिका वा अन्य निकाय वा दातृ संस्थाबाट प्राप्त हुने जिन्सी समान, एम्बुलेन्स आदि जस्ता कार्यहरू कार्यविधि बनाई सञ्चालन गर्नु पर्नेछ ।

११. समितिको बैठक :

क) बैठक संचालनको लागि कम्तिमा बहुमत सदस्यको उपस्थितीबाट निर्णयहरु हुनेछ ।

ख) व्यवस्थापन समितिको बैठक कम्तिमा २ महिनाको एक पटक वा आवश्यकता अनुसार जुनसुकै बेला पनि बस्न सक्नेछ ।

ग) महत्वपूर्ण निर्णयहरु गर्नु पर्दा सल्लाहाकार समितिलाई आमन्त्रण गर्नुपर्ने छ ।

१२. कार्य अवधि :

क) सर्पदंश उपचार केन्द्र व्यवस्थापन समिति तथा आवश्यकता अनुसार निर्माण हुने उपसमितिहरूको कार्य अवधि ३ वर्षको हुनेछ ।

ख) प्रत्येक वर्षको आश्विन मसान्त भित्र वार्षिक साधारण सभा गरी बार्षिक आय-व्यय प्रस्तुत गरी सार्वजनिक लेखा परीक्षण गराउनु पर्नेछ ।

१३. साधारण सभा : प्रत्येक वर्षको अश्विन मसान्त भित्र वार्षिक साधारण सभा गरी आय व्यय तथा वार्षिक बजेट सहितको कार्ययोजना पास गरी सक्नु पर्नेछ ।

१४. उपचार केन्द्रको कार्य सञ्चालन : यस बेलसोत सर्पदंश उपचार केन्द्र, कटारीको उपचार सम्बन्धी प्राविधिक जिम्मेवारी नेपाली सेना गुल्म गाईघाटबाट हुनेछ। बिरामी अवस्था गम्भिर भएमा कटारी नगरपालिका, नगर अस्पतालमा कार्यरत मेडिकल अधिकृतद्वारा उपचार गरिनेछ । साथै मेडिकल

सामाग्री व्यवस्थापनको जिम्मेवारी सर्पदंश उपचार केन्द्रको संचालन तथा व्यवस्थापन समितिको हुनेछ ।

परिच्छेद-३

१५. <u>कोषको आर्थिक व्यवस्था</u> : यस कार्यविधिको अधिनमा रही बेलसोत सर्पदंश उपचार केन्द्र, कटारी नगरपालिका वडा नं. १, बेलसोतको कोष स्थापना गरिने छ । सो कोषमा देहाय बमोजिमको रकमं हुनेछ ।

क) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय निकायबाट प्राप्त रकम ।

ख) अन्य छिमेकी स्थानीय तहबाट कोषको लागि प्राप्त हुने रकम ।

ग) दातृ निकाय वा दानबाट प्राप्त हुने रकम ।

घ) अन्य स्रोतबाट प्राप्त हुने नगद तथा जिन्सी ।

१७. <u>कोषको संचालन</u> : कोषको रकम वाणिज्य बैङ्कमा व्यवस्थापन समितिका अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरमा संचालन हुने गरी खाता खोली जम्मा गरिने छ ।

कोषमा जम्मा भएको रकम देहायका शीर्षकमा मात्र खर्च गरिनेछ ।

क) यस केन्द्रलाई आवश्यक पर्ने औषधीहरु, अक्सिजन तथा अन्य सामाग्री केन्द्रको व्यवस्थापन सम्बन्धी सामग्री खरिद गर्ने ।

ख) सरसफाई तथा जनचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

ग) अतिथि सत्कार आदी ।

घ) नगरबाट प्राप्त हुने साधनहरूको मर्मत, संम्भार व्यवस्थापन

ङ) बैठक, साधारण सभा तथा समिक्षा ।

कुनै पनि सामग्री खरिद गरेमा सो को बिल भरपाई बैठकबाट अनुमोदन गर्नु पर्दछ ।

१८. <u>सेवा शुल्क :</u>

क) यस केन्द्रमा उपचार गराउन आउने प्रत्येक बिरामीबाट सेवाशुल्क वापत रु.५००।- लिईने छ ।

ख) कुनै बिरामी अत्यन्त गरिव भन्ने प्रमाणित भएमा ५० देखि १०० प्रतिशतसम्म छुट दिने अधिकार व्यवस्थापन समितिमा निहित हुनेछ । त्यस छुट रहेको विवरण अभिलेख किताब खडा गरी सोको पुष्टयाई सहित राखु पर्नेछ । सो को प्रमाणित गराई राखु पर्नेछ ।

१९. <u>लेखा परिक्षण :</u> कोषको लेखा परिक्षण नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट गरिनेछ ।

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल

## परिच्छेद ४

२०. <u>अनुगमन र मूल्याङ्कन</u> : बेलसोत सर्पदंश उपचार केन्द्र कटारीको अनुगमन तथा मूल्याङ्कन निर्देशक समिति तथा सल्लाहकार समितिबाट हुनेछ ।

२१. <u>पुरस्कार र सम्मान</u> : यस बेलसोत सर्पदंश उपचार केन्द्र, बेलसोतको व्यवस्थापनमा सहयोग पुर्याउने व्यक्ति, संस्था समूह आदिलाई पुरस्कार, सम्मान गर्न सक्नेछ र पुरस्कृत हुने व्यक्ति तथा संघ संस्था वा व्यक्तिको सिफारिस व्यवस्थापन समितिको सिफारिसमा साधारण सभामा गर्नेछ ।

२२. <u>विविध</u> :

क) वाधा अडकाउ फुकाउ कार्यको लागि निर्देशक समितिको निर्णय मान्य हुनेछ ।

ख) सर्पदंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको निर्वाचन नहुन्जेल सम्मको लागि निर्देशक समितिले सो कार्य गर्नको लागि सर्पदंश उपचार केन्द्रको बढीमा ६ महिना सम्मको अवधि मान्य हुने गरी तदर्थ समिति गठन गर्नेछ र सोही समितिले सर्पदंश उपचारको सञ्चालन तथा व्यवस्थापन समितिको चयन/निर्वाचन गर्नेछ ।

२३. <u>छाप</u> :

गोलाकार वृत्त भित्र सर्पको चित्रमा सुईले (Injection) काटेको चित्र हुनेछ । गोलाकारको वरिपरि बेलसोत सर्पदंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ लेखेको छाप हुनेछ ।

<u>आज्ञाले</u>
राजमणी निरौला
प्रमुख प्रशासकीय अधिकृत